जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १७९ | २०७८ साल फागुन ३ गते मंगलबार (15 Feb. 2022 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : छोरेरोगका बिरामी.. ३ पृष्ठमा : सरोकारवाला भन्छन् : विदेशमा रहेका ... ३ पृष्ठमा: झिजिडमा भारी हिमपात ओलम्पिकमा...

## काँग्रेसद्धारा स्थानिय निर्वाचन र जिल्ला अधिवेशनको तयारी बारे बृहत छलफल



**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

नेपाली काँग्रेस सप्तरीले आउँदो स्थानिय निर्वाचन र जिल्ला अधिवेशनको तयारी बारेमा सोमबार बृहत छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

पार्टी कार्यालयमा सोमबार आयोजित छलफलमा पार्टीलाई कसरी बिजयी गराउने तथा पार्टी नेतृत्वमा सकेसम्म निर्विवाद रुपमा सक्षम नेतृत्व चयन गर्ने विषयमा बृहत छलफल गरिएको हो ।

नेपाली काँग्रेस नगर समितिद्वारा आयोजित उक्त कार्यक्रममा नेपाली काँग्रेस क्षेत्र नं. २ का सभापति महानन्द यादवले आगामी स्थानिय तहको निर्वाचनमा पार्टीलाई सम्मानजनक जित दिलाउन सबै एकढिक्का भई अघि बढ्नुपर्नेमा जोड दिदै पार्टीको आगामी जिल्ला अधिवेशनमा सकेसम्म निर्विवाद रुपमा सक्षम नेतृत्व चयनको प्रयास गर्ने नभए निर्वाचनबाटै सक्षम र योग्यलाई चयन गर्न सबै तयार हुनुपर्ने बताए ।

महाधिवेशन प्रतिनिधि राधेश्याम साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रवक्ता प्रभातकुमार ललन, महाधिवेशन प्रतिनिधी रणधिर कर्ण, प्रदिप यादव, नगरसमितिका उपाध्यक्षद्वय अनिल कुमार यादव, प्रमोद कुमार दास, यूवानेता सतिशचन्द्र झा, सबिर आजम, घनश्याम साह, भोगेन्द्र चौधरी, उमेश यादव, रामअबतार मण्डल लगायतले पनि काँग्रेसलाई आन्तरिक रुपमा बलियो बनाई स्थानिय तहको निर्वाचनमा होमिनु पर्नेमा जोड दिएका थिए ।

निर्वाचन आयोगले स्थानिय तहको निर्वाचन आगामी बैशाख ३० मा तय गरेको छ भने काँग्रेसको जिल्ला अधिवेशन यही फागुन १३ गते गर्ने तिथि तय भएको छ ।

प्रदेश २ का सप्तरीसहित ८ र अन्य जिल्लाका ८ गरि १६ जिल्लामा विवादका कारण काँग्रेसको जिल्ला अधिवेशन हुन सकेको थिएन् ।

यता अधिवेशन नजिकिएपछि सभापतिका लागि आधा दर्जनभन्दा बढी आकांक्षीहरुले सक्रियता बढाएका छन् । सभापति पदका लागि देउवा पक्षबाट शत्रुहन यादव, भगवती यादव, निर्मला यादव र रामप्रसाद मण्डलले दाबेदारी प्रस्तुत गरेका छन् ।

संस्थापन इतर पक्षका रामदेव साह, रामकुमार यादव, नारायण चौधरी र नन्दकिशोर यादवले पनि सभापति पदमा दाबेदारी दिने बताएका छन् । सभापति पदका लागि आकांक्षीको संख्या धेरै देखिएपछि सहमति र सर्वसम्मतीबाट नयाँ नेतृत्वको प्रयास समेत थालिएको तर, अहिलेसम्म सफलता नमिलेको प्रवक्ता ललनले जानकारी दिए ।

## महदेवामा राष्ट्रिय परिचय पत्र बनाउने कार्य शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**


सप्तरीको महादेवा गाउँपालिकामा सोमवारदेखी राष्ट्रिय परिचय पत्र बनाउने अभियान सुरु भएको छ ।

जिल्लाको सबै स्थानिय तहमा टोलीमार्फत राष्ट्रिय परिचयपत्र बनाउने अभियान अन्तरगत सोमबार महदेवामा अभियान सुरु गरिएको हो । अभियान अन्तरगत वडा नं. १ स्थित वडा कार्यालयबाट शुभारम्भ गरिएको छ ।

वडाध्यक्ष जयश्वर किशोर दासको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमको प्रमुख आतिथ्यमा अभियान सुरु भएको हो ।

सो क्रममा गापा अध्यक्ष दिपक कुमार यादव, प्रहरी उपरीक्षक अभिनारायण काफ्ले, महादेवा गापाका प्रमुख प्रशासकीय अधिकृत राम लखन यादव, पत्रकार देवराम यादव, माओवादी केन्द्रका युवा नेता कृष्णदेव मण्डल, राधेश्याम यादव, समाजसेवी मो मुस्लिम, स्थानिय महेन्द्र यादव, उपेन्द्र गोइत, धनराज यादव, विनोद यादव लगायत सर्वसाधारणको उपस्थिती रहेको थियो ।

## गोपाल गोतामे पत्रकारिता पुरस्कारबाट प्रेस स्वतन्त्रता सेनानी झा सम्मानित



**दैनिक समाचारदाता**
**पर्सा, २ फागुन ।**


प्रेस स्वतन्त्रता सेनानी एवं सप्तरीका वरिष्ठ पत्रकार वैजनाथ झा मोफसलको प्रतिष्ठित गोपालचन्द्र गोतामे पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् ।

गोपालचन्द्र गौतम प्रतिष्ठानले सोमबार वीरगञ्जमा आयोजना गरेको ११औं पुरस्कार वितरण समारोहमा वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले पत्रकार झालाई एक तोला सुनको पदक र प्रमाणपत्रले सम्मानित गर्नुभएको हो ।

तीन दशकभन्दा बढी समयदेखि सप्तरीमा रही जनसरोकारका विषयमा कलम चलाउँदै आएका पत्रकार झालाई सम्मानित गर्दै नगर प्रमुख सरावगीले जनताका पक्षमा कलम चलाउने पत्रकारको सम्मान जस्ता कार्यले लोकतन्त्रलाई बलियो बनाउने धारणा व्यक्त गरे ।

सभालाई सम्बोधन गर्दै नगर प्रमुख सरावगीले जनताका पक्षमा कलम चलाउने र समाजमा व्यापक भेदभाव, भ्रष्टाचारलाई समाप्त पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चारकर्मीको मनोबल उच्च बनाउन महानगरपालिकाले रु पाँच लाख प्रतिष्ठानलाई प्रदान गर्ने घोषणा समेत गरे ।

प्रतिष्ठानका अध्यक्ष जगदिश शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै मधेस प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईले चालू आर्थिक वर्षदेखि नै लागू हुनेगरी मधेस प्रदेशमा रहेका पत्रकारको जीवन बिमा गर्नुका साथै वरिष्ठ पत्रकारलाई पेन्सन दिने तयारीमा लागेको जानकारी दिए ।



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# आगलागिका घटना न्युनिकरणका लागि जनचेतना आवश्यक

सप्तरी जिल्लामा अन्य विपद्का घटनाहरु मध्ये आगलागिका घटनाहरु पनि निकै नै हुने गरेको छ। प्रत्येक वर्ष यस जिल्लामा आगलागिका घटनाहरु अत्याधिक नै हुने गरेको प्रहरी तथ्याङ्ले देखाएको छ। फागुन महिनादेखी हावाहुरी हुने गरेकोले यस्ता बेला आगलागिका घटनाहरु हुने सम्भावना बढी नै हुन्छ। जिल्लाका ग्रामिण भेगमा फुसका घरहरु छन्। जसकारण आगो सल्किन समय लाग्दैन्। त्यस्तै यस जिल्लामा गरिब मानिसहरु पनि त्यतिकै छन्। घर नामको मात्र छ। कसैको घर छ त त्यसमाथी छानो हुँदैन्।

हावाहुरी आएको बेला खाना पकाउन प्रयोग गरिने चुलोको आगो राम्ररी निभाउने, गाईबस्तुका लागि बालिएको घुर तथा प्रज्वलनसिल पदार्थ लाइटर, सलाई लगायतलाई बालबालिकाको पहुँचबाट टाढा राख्नुपर्दछ। प्राय आगो यही कारणले हुने गरेको पाइन्छ। यसबाहेक बिजुलीको तारबाट पनि आगो लाग्ने सम्भावना हुन्छ। यसका लागि हावाहुरी आएको बेला आफ्नो घरको बिजुलीको मेन मिटर बन्द गर्नुपर्दछ। यस्ता कुराहरु प्रति सबै सचेत हुनुपर्छ।

यस्ता कुराहरुप्रति अहिले पनि मानिसहरु सचेत भएको देखिन्। तसर्थ यी सामान्य कुराहरुबारे स्थानिय तहबाटै जनचेतना फैलाउनु आवश्यक छ। अनिमात्र प्रकृति विपद्बाट बच्न र बचाउन सकिन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# छारेरोगका बिरामी वर्सेनि बढ्दै

काठमाडौं, २ फागुन (रासस)।

काठमाडौं कपनकी १८ वर्षीया इभाङ्का रानालाई बिगत छ वर्षदेखि छारेरोग देखिएको छ। उहाँलाई १२ वर्षको उमेरदेखि नै छारेरोग देखिएको हो। उहाँलाई पूरै जिउ काम्ने र बेहोस हुने लक्षण रहेको छ। "छारेरोग देखिनै बित्तिकै चिकित्सकको सल्लाहमा औषधि सेवन गरेको हुँ", उहाँ भन्नुहुन्छ, "नियमित औषधि सेवनले छारेरोग नियन्त्रणमा आएको छ।" औषधि सेवनले रोग कम हुने उहाँको अनुभव छ।

सुरुसुरुमा उहाँमा छारेरोगको लक्षण दिनहुँ हुने गर्दथ्यो। पछि औषधि सेवनले महिनामा सातदेखि आठ पटकसम्म शरीर काम्ने र ढल्ने लक्षण देखिएकामा अहिले भने नियमित औषधि सेवनले लक्षण घटेर चारदेखि पाँच पटक मात्र हुने गरेको छ। उहाँ ढल्नुअघि कमजोर महसुस हुने, मांसपेसीले काम नगरेको हुने र काम्नेसँगै तथा त्यसको पाँचदेखि छ मिनेटभित्रमा ढल्ने र बेहोस् हुने गर्नुहुन्छ।

"ढल्नेबेलामा टाउको दुख्ने र थाहा नहुने जस्ता समस्या हुन्छ", उहाँ भन्नुहुन्छ, "त्यसपछि म बेहोस हुन्छु र ढल्ने गर्दछु।" उहाँलाई प्रायः बिहान उठ्ने बेला र साँझ सुत्ने बेला शरीर काम्ने गर्दछ। दिउँसो भने कहिलेकाहीँ मात्र शरीर काम्ने गरेको उहाँ बताउनुहुन्छ। कपनकी राना एउटा उदाहरण मात्र हो। उहाँजस्ता हजारौं छारेरोगी नेपालमा छन्।

**के हो छारेरोग, कसरी लाग्छ ?**

महाराजगञ्जस्थित नेशनल न्यूरो सेन्टरका उपनिर्देशक तथा वरिष्ठ न्यूरोलोजिष्ट डा सुमन भट्टराईले नेपालमा प्रति एक हजारमा ७.३ जनामा छारेरोगको समस्या देखिने गरेको बताउनुभयो। उहाँका अनुसार छारेरोग बालबालिकादेखि वृद्धवृद्धासम्म लाग्ने गरेको छ। कसैलाई जन्मिदा नै मानिसको मस्तिष्कमा अक्सिजन नपुगेर छारेरोग लाग्न सक्ने डा भट्टराई बताउहुन्छ। मानिसको उमेर बढ्दै गएपछि प्यारालाइसिस, इन्सेफ्लाइटिस, मेनेन्जाइटिस जस्ता समस्याले गर्दा पनि छारेरोग देखिने गरेको उहाँले प्रष्ट पार्नुभयो।

"छारेरोग ५० प्रतिशतमा कारण खुल्ने हुन्छन्, तर ५० प्रतिशत भने कारण नदेखिने खालको हुन्छ", उहाँले भन्नुभयो, "नून, क्याल्सियम र सुगरको मात्रा कम भए पनि पनि छारेरोग देखिने गर्दछ।" छारेरोग मानिसको मस्तिष्कमा आउने कुनै पनि अस्वाविक विद्युतीय तरङग हो। त्यसले मस्तिष्कको भागलाई अनियन्त्रित गर्दछ। त्यस्तो बेला मानिसको सचेतना र अरु गतिविधि अस्वभाविक देखिने उहाँ बताउनुहुन्छ।

**छारे रोगका लक्षण**

चिकित्सकका अनुसार नेपालमा देखिने जनरललाज्ड टोनिकक्रोनिक छारेरोग हो। यस्तो प्रकारको रोगमा मानिसको सबै भाग काप्ने गर्दछ। यो छारेका सुरुमा मानिस एक्कासि बेहोस हुने, हात खट्टा काम्ने, कहिले खुम्चने र कहिले खुल्ने, हातखुट्टाको झट्का दिने र शरीर कम्पन्न हुने गर्दछ। साथै शरीरको एकै भागमा मात्र पनि छारे देखिन सक्छ जसलाई फोकल इपिलेप्सी भनिन्छ। यस्तै मानिसमा जिब्रो टोक्ने, मुखमा फिँज आउने, आँखा सेतो भाग पल्टिएको, दिसापिसाब आएको लक्षण पनि हुने गर्दछ।

छारेरोग भएका मानिसमा जटिलता केही नभएमा एकदेखि पाँच मिनेटभित्रमा होस आउन सक्दछ। बिरामी होसमा आए पनि टाउको दुख्ने, वाकवाकी लाग्ने, केही बिर्सिए जस्तो हुने (के हो के हो), निद्रा लागेको जस्तो हुने र केही समय १० देखि १५ मिनेटभित्रमा सामान्य अवस्थामा आउने गर्दछ।

छारेरोगका बिरामी बेहोस भएर लड्नुभन्दा अगाडि छोटो समयका लागि इन्द्रेणी देखिएको, शरीरमा विद्युतीय तरङग आएको महसुस गर्ने र पेटमा केही असहज महसुस हुने जस्तो पनि समस्या आउने पाटनस्थित मानसिक अस्पतालका मानसिक रोग विशेषज्ञ डा वासुदेव कार्की बताउनुहुन्छ। छारेरोग जुनसुकै ठाउँमा हुनसक्ने भएकाले दुर्घटनासमेत निम्तिन सक्ने उहाँले प्रष्ट पार्नुभयो।

"लामो समयमम्म उपचार नगरेर छारेरोगले दुर्घटना निम्त्याउन सक्छ", डा कार्कीले भन्नुभयो, "यसले मानिसमा मनोसामाजिक, वौद्धिक र व्यक्तित्वमा पनि समस्या ल्याउँछ, छारेरोग दीर्घ प्रकृतिको स्यानुसँग सम्बन्धित स्वास्थ्य समस्या भएको र उपचार नगर्दा यसले अरु जटिलता ल्याउनसक्ने भएकाले समयमा नै उपचार गर्नुपर्दछ।"

मधुमेहको जटिलता, मिर्गौलाका बिरामी, कलेजोका बिरामी, टाउकोमा चोटपटक लागेका, ट्युमर (मासु पलाएको), दिमागमा सङ्क्रमण जस्ता बिरामीलाई छारेरोग देखिने सम्भावना बढी हुने डा कार्कीको भनाइ छ। छारेरोगको उपचार यस्ता रोगलाई छुट्टयाएर गर्नुपर्दछ।

**नियमित औषधि सेवनबाट नियन्त्रणमा हुन्छ**

छारेरोग नियमित औषधिको सेवनबाट निको पार्न सकिन्छ। डा कार्कीका अनुसार छारेरोगको लक्षण देखिनासाथ औषधि खाएपछि यो रोग निको हुन्छ। उहाँले लक्षण नदेखिएको तीनदेखि पाँच वर्षसम्म औषधि नियमित खाँदा निको हुने बताउनुभयो। गर्भावस्था, सुत्केरी र स्तनपान गराइरहेका महिलाले चिकित्सकको सल्लाहमा नियमित स्वास्थ्य जाँच गरेर मात्र औषधि सेवन गर्नुपर्दछ। नवजात शिशुमा हुने जन्मजात ओठतालु फाट्ने जस्तो समस्या आउने गर्दछ। छारेरोग मानिसमा हुने तनाव, रक्सी सेवन, अनाश्यक औषधिको परिवर्तन, धूमपान, हार्मोन परिवर्तनले गर्दा बढ्दो रुपमा रहेको छ।

यद्यपि सबै काम्ने बिरामी छारेरोगका बिरामी नहुने न्युरोलोजिष्ट डा भट्टराईले प्रष्ट पार्नुभयो। "निद्रामा हातखुट्ट झस्किने, सुतेको बेला तर्सने, कसैको मुख चलाइरहने बानी जस्ता समस्या छारे नहुन पनि सक्छ", डा भट्टराईले भन्नुभयो, "मनको तनावले पनि छारेरोग जस्तै लक्षण देखिन सक्छ।"

**वर्सेनि बढ्दै छारेरोग**

हरेक वर्ष नेपालमा छारेरोगको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। विगत पाँच वर्षको तथ्याङ्कले छारेरोग का बिरामीको सङख्यामा वृद्धि हुँदै गएको देखाएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागअन्तर्गत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कअनुसार नेपालमा छारेरोगको सङ्ख्या पनि बढिरहेको हो।

प्रणालीका तथ्याङ्क अधिकृत पुष्प श्रेष्ठले आर्थिक वर्ष २०७७/७८ मा २४ हजार ५३२ जनामा छारेरोग लागेको पुष्टि गर्नुभयो। यसअघि आव २०७३/७४ मा १५ हजार ६४७ जनामा मात्र छारेरोग पुष्टि भएको थियो। श्रेष्ठका अनुसार आव २०७४/७५ मा १८ हजार ३८८, आव २०७५/७६ मा १९ हजार ६४४ र आव २०७६/७७ मा २१ हजार १६४ जनामा छारेरोग देखिएको छ।

**सबैभन्दा बढी वाग्मती प्रदेशमा**

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कअनुसार आव २०७७/७८ मा वाग्मती प्रदेशमा सबैभन्दा बढी छारेरोगका बिरामी पाइएका छन्। तथ्याङकअनुसार वाग्मती प्रदेशमा १० हजार ८३४ छारेरोगका बिरामी रहेको पाइएको थियो। वाग्मतीपछि लुम्बिनीमा तीन हजार ७४७, प्रदेश नं १ मा तीन हजार ५८५, गण्डकी प्रदेशमा दुई हजार ५५०, मधेश प्रदेशबाट दुई हजार १७, सुदूरपश्चिम प्रदेशमा एक हजार १४९ र कर्णाली प्रदेशमा ६५० जना रहेका छन्।

यस्तै पाँच वर्ष अगाडि २०७३/७४ प्रदेश नं १ मा एक हजार ६३२, मधेश प्रदेशमा ३१० जना, वाग्मती प्रदेशमा सात हजार ३०१ जना, गण्डकी प्रदेशमा दुई हजार ४२४, लुम्बिनी प्रदेशमा दुई हजार ८५९, कर्णाली प्रदेशमा ३६६ र सुदूरपश्चिम प्रदेशमा ७५५ जना छारेरोगका बिरामी रहेका थिए। जिल्लाअनुसार सबैभन्दा बढी सहरी क्षेत्रका जिल्लामा छारेरोग देखिएको छ।

तथ्याङ्कअनुसार मोरङमा दुई हजार ८९६ छारेरोगी देखिएका थिए। यस्तै मधेश प्रदेशको पर्सामा एक हजार ९२२, वाग्मतीको काठमाडौंमा छ हजार ९९७, गण्डकीको कास्कीमा एक हजार ३९०, लुम्बिनी प्रदेशको रुपन्देहीमा दुई हजार ५४, कर्णाली प्रदेशको सुर्खेतमा २२७ र सूदूरपश्चिम प्रदेशको कैलालीमा ४९१ जनामा छारेरोग देखिएको छ।

पाँच वर्ष अगाडि आव २०७३/७४ को तथ्याङ्क हेर्दा प्रदेश नं १ को सबैभन्दा बढी मोरङमा एक हजार २३०, मधेश प्रदेशको पर्सामा २१५, वाग्मती प्रदेशको काठमाडौंमा तीन हजार ८९१, गण्डकी प्रदेशको कास्कीमा एक हजार ४५०, लुम्बिनी प्रदेशको पाल्पमा एक हजार २८५, कर्णाली प्रदेशको पश्चिम रुकुममा १४८ र सूदूरपश्चिम प्रदेशको अछाममा २८५ छारेरोगका बिरामी रहेको उल्लेख छ।

**निःशुल्क औषधि**

छारेरोगका बिरामीलाई सरकारले २०७४ सालदेखि नियमित रुपमा औषधि निःशुल्क प्रदान गर्ने गरेको छ। सबै स्थानीय तहबाट नै सरकारले नियमित निःशुल्क औषधि दिँदै आएको छ। छारेरोगका बारेमा अझै पनि समाजमा अन्धविश्वास कायम रहेको मनोचिकित्सक डा कार्की बताउनुहुन्छ।

उहाँले समाजमा रहेको भ्रम, अन्धविश्वास र गलत धारणालाई चिर्न आवश्यक रहेको छ। अझ पनि छारेरोग लागेपछि धामी, झाँक्रीकामा देखाउने जस्ता अन्धविश्वास रहेको पाइन्छ। पाटनमा दैनिक पाँचदेखि १० जना बिरामी आउने गर्दछन्। बच्चामा जन्मजात, अलि ठूला भए सङ्क्रमण र ज्येष्ठ नागरिकलाई क्यान्सर, मधुमेह जस्ता कारणले छारेरोग लाग्ने गर्दछन।

**७० प्रतिशत नियन्त्रण**

छारेरोग ७० प्रतिशत बिरामीलाई समयमा नै उपचार गरेर नियन्त्रण हुने गर्दछ। छारेरोग नियमित सेवन अथवा कुनैको शल्यक्रिया गरेर पनि नियन्त्रण गर्न सकिने नेशनल न्यूरोसेन्टरका निर्देशक तथा वरिष्ठ न्युरोलोजिष्ट डा लेखजङग थापाले बताउनुभयो। उहाँले केही बालबालिकामा देखिने छारेरोग भने पाँचदेखि १५ वर्ष उमेर समूहमा आफैं हराउने पनि बताउनुभयो।

बच्चामा छारेरोग निको हुने सम्भावना बढी हुने उहाँको भनाइ छ। उहाँले छारेरोग धेरै पटक दोहरिएर ३० देखि ४० प्रतिशत मानिसमा ज्यान जाने खतरा रहेको उहाँको भनाइ छ। "छारेरोगले सिधैं मुटुलाई असर गर्दछ", उहाँले भन्नुभयो, "मुखमा फिँज आउने गर्नाले श्वास नली रोकिन्छ, त्यसैले मानिसको ज्यान जाने सम्भावना पनि हुन्छ।"

त्रिवि शिक्षण अस्पतालका मानसिक स्वास्थ्य विभाग प्रमुख डा सरोज ओझाले छारेरोग नेपालमा मात्र नभएर संसारमा नै स्वास्थ्य समस्याका रुपमा आएको बताउनुभयो। "यो वंशाणुगत कारण र दिमागमा चोट लागेपछि देखिन्छ", उहाँले भन्नुभयो, "दिमागमा जुकाको अण्डा पुग्यो भने पनि यो रोग लाग्ने गर्दछ।" उहाँले छारेरोग नसर्ने रोग भएकाले नियमित तीनदेखि पाँच वर्षसम्म औषधि खायो भने निको हुने उहाँ बताउनुहुन्छ।

**छारेप्रतिको धारणा परिवर्तन गर्न आवश्यक**

छारेरोगप्रतिको धारणा समाजमा परिवर्तन गर्न आवश्यक रहेको डा थापा बताउनुहुन्छ। "छारेरोगका कारणले ढल्यो भने मानिसले छुप बाल्ने, मोजा तथा जुत्ता सुगाउने जस्ता गर्दछन्", उहाँले भन्नुभयो, "तर त्यसो गर्नु गलत हो, मानिस ढलेको बेला उसलाई सहयोग गर्नुपर्दछ।" अझै नेपाली समाजमा छारेरोग लागेका मानिसले अब जीवनमा केही पनि गर्न सक्दैनन् भन्ने मानसिकता छ। यद्यपि छारे नियन्त्रण भएका मानिसले अरु जस्तै सामान्य जीवन बिताउनसक्ने डा थापा बताउनुहुन्छ।

# सरोकारवाला भन्छन् : विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था मिलाउन सकिन्छ

काठमाडौं, २ फागुन (रासस)।

सर्वोच्च अदालतले विदेशमा रहेका नागरिकलाई मतदानको व्यवस्था मिलाउन दिएको आदेश कार्यान्वयनमा अलमल देखिएको छ। सर्वोच्चको उक्त आदेश कार्यान्वयन गराउन सम्भव भएको सरोकारवाला पक्षको भनाइ छ।

नेपाल पोलिसी इन्स्टिच्यूट (एनपिआई)द्वारा आइतबार भर्चुअलरुपमा आयोजित नीति संवाद शृङ्खलामा सरोकारवालाले प्रविधिको प्रयोगबाट मताधिकार गर्न सम्भव रहेको बताए। "जुनसुकै देशमा भए पनि नेपालीको पहिचान छ भने मताधिकार दिइनुपर्छ। यस सन्दर्भमा निर्वाचन आयोगबाट अध्ययन पनि भइसकेको छ", पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले भन्नुभयो, "अदालतको आदेश छ तर यसको कार्यान्वयन भइरहेको छैन।"

निर्वाचन आयोग र परराष्ट्र मन्त्रालयको समन्वयमा विदेशमा रहेका नेपालीको मतदाता नामवलीमा समावेश गर्न सकिने उहाँका मत छ। "राहदानी बनाउदा फोटो र औँठा छाप लिइएको हुन्छ। मतदाता परिचयपत्र बनाउँदा पनि फोटो र औँठा छाप लिइन्छ", उहाँले भन्नुभयो, "त्यही सूचना निर्वाचन आयोगले परराष्ट्रबाट लिन सक्छ।"

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका एशोसिएट डिन प्रा अच्युत वाग्लेले राहदानी र नागरिकता नछाडेसम्म मताधिकारको अधिकार रहिरहने बताउनुभयो।

"बाहिर रहेका नेपालीको तथ्याङ्कमाथि राजनीति भइरहेको छ। ४० लाख मान्छे बाहिर छ भनेर कुरा गरिरहेको छ। यो गम्भीर छ। यसले व्यवस्थापनमा ठूलो असर गर्छ", उहाँले भन्नुभयो, "४० लाख रहेको श्रोत छैन। रेमिट्यान्सले राष्ट्रिय अर्थतन्त्र बृहत् आर्थिक स्थायित्वलाई खलबलिन नदिन, पोषण, प्राथमिक शिक्षाको पहुँच र सहरीकरणको पक्षमा असाध्यै योगदान गरेको छ। यसरी योगदान गर्नेलाई मतधिकारबाट वञ्चित गराइनुहुँदैन।"

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सर्वोच्च अदालतको फैसलालाई कार्यान्वयन गर्नुको विकल्प राज्यसँग नभएको बताउनुभयो। सर्वोच्चले २०७४ विदेशमा रहेका नेपालीलाई मतधिकार दिलाउन आदेश दिएको थियो।

"संविधानले नागरिकबीच भेदभाव गरेको छैन। अहिले हामी प्रविधिको विश्वमा छौं। यसले कुनै सीमा छुट्याउदैन। प्रविधिको सहयोगबाट मताधिकार प्रयोग गर्न सम्भव छ", उहाँले भन्नुभयो, "राज्यले खाली व्यवस्थापनका लागि गृहकार्य गर्नुपर्छ। राजनीतिक इच्छाशक्ति भए पुग्छ। ठूलो तहमा एउटा दबाब सिर्जना गर्नुपर्छ।"

एनपिआइका अध्यक्ष खगेन्द्र ढकालले ५६ प्रतिशत घरधुरीको चुलो बाल्ने श्रमिकको हितमा सर्वोच्चले गरेको फैसलालाई कार्यान्वयन गर्ने निकाय कामलाई हेर्नुपर्ने बताउनुभयो। "फिलिपिन्स, मेक्सिको, इन्डोनियाले विदेशमा रहेका नागरिकलाई मताधिकार दिइसकेको छ। यो हामीलाई आधार हुनुपर्छ", उहाँले भन्नुभयो। कार्यक्रमको सहजकर्ता अधिकारकर्मी सरु जोशीले 'नोट चले पनि भोट नचलेको' भन्दै राजनीतिक दलमाथि दबाब बढाउनुपर्ने बतानुभयो।


**मधेश प्रदेश सरकार**

**भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**

**पशुपंछी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**राजविराज, सप्तरी**

**मत्स्य पालनको लागि नयाँ पोखरी निमार्ण प्रस्ताव आहवानको सुचना**

(प्रथम पटक प्रकाशित मिति (२०७८/११/३)

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राजविराज, सप्तरीको आ.व २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशमा खाने माछा उत्पादन वृद्धिको लागि नयाँ पोखरी निर्माण अनुदान कार्यक्रम संचालनका लागि अधिक्तम ५०% प्रतिशत लागत साझेदारीमा संचालन गर्न नयाँ पोखरीमा खाने माछा उत्पादनमा संग्लन ईच्छुक नेपाली नागरिक, कृषक समुह, सहकारी, नीजि फर्म, संस्थाहरु यो सुचना प्रकाशन भएको मितिले १५ (पन्द्र) औं दिन (मिति २०७८/११/१७) सम्म कार्यालय समय भित्र तपसिल अनुसारका कागजातहरु संग्लन राखि सिलवन्दी आवेदन/प्रस्ताव पेश गर्न आहवान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। यस सम्बन्धमा थप जानकारी लागि सुचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क गर्न सकिनेछ। सम्पर्क फोन/मोवाईल नम्बर : ०३१ ५२०१४२

**तपसिल**

| क.स | कार्याक्रमको नाम | इकाई | जम्मा परिमाण | प्रति कार्यक्रम अधिक्तम अनुदान रकम | अनुदानग्राहीको लागत प्रतिशत |
|---|---|---|---|---|---|
| १. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | कट्ठा | १९.३ हेक्टर | रु. १५ हजार प्रतिकट्ठा | पचास प्रतिशत |
| २. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) | कट्ठा | २ हेक्टर. | रु. १५ हजार प्रतिकट्ठा | पचास प्रतिशत |

**देहाय,**

१. रु. १० को टिकट टाँस गरिएको फा.न २ अनुसारको आवेदन फारम,
२. फा.नं.३ र फा.नं.३ क अनुसारको कार्य योजना,
३. व्यक्तिको हकमा निजको र दर्ता भएका समुह, सहकारी, निजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
४. दर्ता भएका सहकारी,निजिफर्म, संस्थाको हकमा स्थायी लेखा नम्बर (pan) प्रमाणपत्रको प्रतिलिपि,
५. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समुह सहकारी, फर्म, संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि,
६. समुह/समिति/सहकारी/निजिफर्म/संस्थाको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,
७. समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि,
८. लक्षितवर्ग (शहिद/वेपत्ता/द्धन्द्धपिडित परिवार, दलित/अन्यलिङ्गी/भित्र प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरिव) भए प्रमाण खुल्ने कागजात
९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि। अरुको नामदर्ता रहेको जग्गामा कार्यक्रम संचालन गरिने भए कानुन बमोजिम प्रमाणित हुने सो कार्य संचालन गरिने भए कानुन बमोजिम प्रमाणित हुने सो कार्य संचालनको लागि कम्तिमा ५ बर्षको लागि मजुरीनामा वा करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित), जग्गाको भोगाधिकार प्रमाण, आदि।
१०. सो कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराई दिनको लागि कार्यक्रम संचालन गरिने रहेको स्थानीयतहको सम्बन्धित विषयगत शाखाको सिफारिस पत्र।
११. फा.नं. ३ बमोजिम आवेदकको स्वघोषणा प्रतिबद्धता।
१२. अन्य
(क) ..................................
(ख) ..................................

**कार्यक्रम पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहने छ।**

पुनश्वः निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयबाट वा तोकेको स्थानबाट प्राप्त गर्न सकिनेछ।

**कार्यालय प्रमुख**


## विश्व समाचार

### बेइजिङमा भारी हिमपात ओलम्पिकमा गएका पाहुनालाई गाह्रो

बेइजिङ, २ फागुन (रासस/सिन्ह्वा)।

चिनियाँ राजधानी शहर बेइजिङमा आइतबार भारी मात्रामा हिमपात भएको छ। आइतबारको सो हिमपातले यहाँ जारी रहेको बेइजिङमा ओलम्पिकलाई पनि प्रभावित पारेको बताइएको छ। यहाँ आलम्पिक हेर्न आएका विदेशी पाहुनालाई पनि सो हिमपातले सास्ती भएको बेइजिङमाबाट प्राप्त भएको समाचारमा जनाइएको छ। यहाँको मौसमसम्बन्धी सूचनामा आइतबार बिहानैदेखि हिउँ पर्ने जनाइएको छ। यहाँ आइतबार बिहानदेखि साँझसम्म नै हिउँ परेको बताइएको छ। त्यस्तै तापक्रम पनि माइनस ६ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको थियो। बाटोभरि हिउँ थुप्रिएकाले त्यसलाई पन्छाउने काम जारी रहेको छ। त्यस्तै नागरिकहरुलाई सतर्कता अपनाएर बाटो हिँड्न या सवारी सञ्चालन गर्न भनिएको छ।

### मस्को र कीभबीच तनाव बढ्दै गएपछि युक्रेनमा रहेको जापानी दूतावासका कर्मचारीले देश छाड्ने

टोकियो जापान, २ फागुन (रासस-एएनआई)।

जापानले युक्रेनबाट आफ्ना दूतावासका लगभग सबै कर्मचारीहरूलाई फिर्ता गरिरहेको छ र त्यहाँ रहेका जापानी नागरिकहरूलाई तुरुन्तै देश छाड्न आह्वान गरिरहेको स्थानीय सञ्चार माध्यमले उल्लेख गरेको छ। किभस्थित जापानी दूतावासले आइतवार आफ्नो अधिकांश कर्मचारी युक्रेन छोड्ने बताएको छ। सीमा नजिक मस्कोको सैन्य निर्माण पछि सम्भावित रुसी आक्रमणलाई लिएर तनाव द्रुततर गतिमा बढिरहेको छ।

जापानी समाचार एजेन्सीका अनुसार शुक्रबार युक्रेनमा रहेका जापानी नागरिकहरूलाई तुरुन्तै देश छाड्न सल्लाह दिइएको दूतावासले पठाएको इमेलमा उल्लेख गरिएको छ "केही" कर्मचारीहरू मात्र देशमा रहने भएकाले सोमबारदेखि यसको काम थप सीमित हुनेछ। यसैबीच, धेरै देशहरूले युक्रेनबाट सेना फिर्ता गर्न थालेका छन् र नागरिकहरूलाई जतिसक्दो चाँडो देश छोड्न आग्रह गरेका छन्। वाशिंगटनले केही अमेरिकी सेनालाई युक्रेनबाट बाहिर सारेको छ र शनिबार आफ्ना दूतावासका अधिकांश कर्मचारीहरूलाई बाहिरिन आदेश दिएको छ।

### युक्रेनको रुस र अन्य राष्ट्रसँग ४८ घण्टाभित्र सीमामा सेना परिचालन बारे छलफल गर्न आग्रह

किभ युक्रेने, २ फागुन (रासस-एएनआई)।

युक्रेनी विदेशमन्त्री दिमिट्रो कुलेबाले आइतवार रुसलाई आफ्नो सिमानामा मस्कोको सैन्य निर्माणबारे छलफल गर्न अर्को ४८ घण्टाभित्र बैठक बोलाउन आह्वान गरेका छन्। ट्विटरमा युक्रेनका विदेशमन्त्री दिमिट्रो कुलेबाले रुसले भियना कागजात अन्तर्गत कीभको अनुरोधलाई जवाफ दिन असफल भएको पनि बताएका छन्। हामी रुस र सबै सहभागी राष्ट्रहरूसँग यसको सुदृढीकरणबारे छलफल गर्न ४८ घण्टाभित्र बैठक बस्न अनुरोध गर्छौं। पछिल्ला केही महिनाहरूमा, पश्चिम र युक्रेनले रसियालाई "आक्रमण" को कथित तयारीमा युक्रेनी सीमा नजिकै सेना निर्माण गरेको आरोप लगाएका छन्। मस्कोले यी आरोपहरूलाई अस्वीकार गर्दै आएको छ र बारम्बार भनिरहेको छ यसले कसैलाई धम्की दिएको छैन तर रूसी सिमाना नजिक नाटोको सैन्य गतिविधि बारे भने कडा चिन्ता व्यक्त गरेको छ। रुसले नाटोको यस्ता गतिविधिलाई आफ्नो राष्ट्रिय सुरक्षाको लागि खतरा मानेको छ। अर्कोतिर मस्कोले पनि रुसलाई आफ्नो राष्ट्रिय क्षेत्रभित्र सेना सार्ने अधिकार रहेको बताएको छ।

### रुसद्वारा ओलम्पिक समितिको स्केटर भलिभा बारेको निर्णयको स्वागत

मस्को, २ फागुन (रासस-एएफपी)।

रुसको ओलम्पिक समितिले सोमबार फिगर स्केटर कमिला भलिभालाई डोपिङ परीक्षणमा असफल भए पनि बेइजिङ ओलम्पिकमा प्रतिस्पर्धा गर्न जारी राख्न अनुमति दिएको घोषणाको स्वागत गरेको छ। "भोलि सम्पूर्ण देशले व्यक्तिगत प्रतिस्पर्धामा उहाँलाई र हाम्रा सबै अद्भुत महिला स्केटरहरूलाई समर्थन गर्नेछ," समितिले टेलिग्राममा उल्लेक गर्दै यसलाई "दिनको सबैभन्दा राम्रो समाचार" को रूपमा टिप्पणी गरेको छ।

### चीनमा ४३ लाख मिलियन थप कोभिड-१९ खोप लगाइयो

बेइजिङ, २ फागुन (रासस-सिन्ह्वा)।

चिनियाँ मुख्य भूमिमा आइतवार कोभिड-१९ विरुद्ध थप ४३ लाख खोप लगाइएपछि हालसम्म खोप लगाइएको कुल संख्या ३ अर्ब ४० करोड पुगेको राष्ट्रिय स्वास्थ्य आयोगको तथ्याङ्कले सोमबार उल्लेख गरेको छ।

# ६५ अर्बको इन्धन आयात

वीरगञ्ज, २ फागुन (रासस)।

देशकै प्रमुख व्यापारिक नाका वीरगञ्ज नाका हुँदै नेपालका लागि आयात हुने पेट्रोलियम पर्दाथको कारोबारमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा उलेख्य बृद्धि भएको छ। गत आर्थिक वर्ष २०७७/७८ को पहिलो छ महिनाको तुलनामा चालू आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा रु ३३ अर्ब ४८ करोड २९ लाख बढी मूल्यको १० लाख सात हजार ६९० लिटर इन्धन बढी आयात भएको हो।

पेट्रोलियम पर्दाथअन्तर्गत डिजल, पेट्रोल, मट्टितेल, हवाई इन्धनलगायत पर्दछन्। आर्थिक वर्ष २०७७/८७ को साउनदेखि पुससम्मको छ महिनामा वीरगञ्ज नाका प्रयोग गरी रु ३१ अर्ब ८९ कराड २१ लाख मूल्यको सात लाख ८३५ लिटर इन्धन आयात भएको तुलनामा चालू आवको सोही अवधिमा रु ६५ अर्ब ३७ करोड ५१ लाख मूल्य बराबरको १७ लाख आठ हजार ५२५ लिटर डिजल पेट्रोल, मट्टितेल तथा हवाई इन्धन आयात भएको छ।

यो समीक्षा अवधिको तुलनामा १०५ प्रतिशत बढी मूल्यको १४४ प्रतिशत इन्धन आयात भएको हो। कोरोना सङ्क्रमणका कारण गतवर्ष उद्योग व्यापार, यातायात, विकास निर्माण कार्य प्रभावित भएका कारण इन्धनको आयातमा कमी आएको थियो। चालू आवको पहिलो छ महिनामा कोरोनाको प्रभाव खासै यी क्षेत्रमा नदेखिएका आयात बृद्धि भएको भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो।

उहाँले गत आवको पहिलो छ महिनाको तुलनामा चालू आवको सोही अधिमा डिजल २२ प्रतिशत, पेट्रोल २५ प्रतिशत, हवाई इन्धन तीन हजार २८८ प्रतिशत, खाना पकाउने ग्याँस १५ प्रतिशत बढी अयात भएको छ भने मट्टितेलको आयात ४० प्रतिशत कम भएको बताउनुभयो।

गत आर्थिक वर्षको पहिलो छ महिनामा वीरगञ्ज नाकाबाट रु २३ अर्ब १० करोड ३४ लाखको पाँच लाख चार हजार ४१७ केल डिजल, रु सात अर्ब ४८ करोड २१ लाखको एक लाख ६४ हजार १६६ केल पेट्रोल, रु एक अर्ब पाँच करोड ९८ लाखको २६ हजार ११२ केल हवाई इन्धन र रु २४ करोड ६६ लाखको छ हजार १४० केल मट्टितेल आयात भएको थियो।

चालू आवको सोही अवधिमा रु ४४ अर्ब ४१ करोड ८१ लाखको छ लाख १४ हजार ३४८ केल डिजल, रु १६ अर्ब १२ करोड नौ लाखको दुई लाख पाँच हजार २५२ केल पेट्रोल, रु चार अर्ब ४३ करोड २३ लाखको आठ लाख ८४ हजार ७६४ केल हवाई इन्धन र रु ३४ करोड ३७ लाखको चार हजार १६० केल मट्टितेल आयात भएको सूचना अधिकारी गुप्ताले जानकारी दिनुभयो।

उहाँले गत वर्ष इन्धन आयातबाट रु २४ अर्ब ९७ करोड ७८ लाख राजस्व सङ्कलन भएको थियो भने चालू आवको छ महिनामा रु ३३ अर्ब ४९ करोड ७६ लाख सङ्कलन भएको बताउनुभयो। त्यसै यहाँको नाका प्रयोग गरी खाना पकाउने एलपि ग्यासको आयात १५ प्रतिशत बढी भएको छ। गत आर्थिक वर्षको पहिलो छ महिनामा रु सात अर्ब ४९ करोड ४८ लाख मूल्यको एक लाख १९ हजार ७०० मेट्रिक टन आयात भएको तुलनामा चालू आवको सोही अवधिमा रु १५ अर्ब २५ करोड ६३ लाखको एक लाख ३७ हजार ३७३ मेट्रिकटन ग्यास आयात भएको भन्सार कार्यालयले जनाएको छ।

# पत्रकारमाथी गरिएको अभद्र व्यवहारप्रति प्रेम मञ्चद्वारा निन्दा

**दैनिक समाचारदाता**
**राजबिराज, २ फागुन।**

प्रेस मञ्च सप्तरीले आफ्ना कार्यसमिति सदस्य पत्रकार रामनाथ यादबलाई गरिएको दुर्व्यहारप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ।

मञ्चका सप्तरी अध्यक्ष बृजमान तामाङद्वारा सोमबार जारि विज्ञप्तिमा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ का अध्यक्ष गुलाब सिंहले माघ २९ गते समाचारको बिषयलाई लिएर पत्रकार यादबमाथी दुर्व्यहार गरेको उल्लेख छ।

सो विज्ञप्तिमा समाचारप्रति चित्त नबुझेको खण्डमा सम्बन्धीत निकायमा उजुरी दिन सक्ने ठाउँ हुँदाहुँदै पत्रकारमाथी अभद्र व्यवहार गर्नु कानुन विपरीत रहेको जनाउँदै सो घटनाको घोर निन्दा गरिएको छ।

साथै अध्यक्ष लगायत कुनै पनि व्यक्तिले अब उपरान्त यस्ता घटना नदोहऱ्याउन विज्ञप्तिमार्फत सचेत गराइएको छ।

# महाभियोगविरुद्ध निर्णय गर्ने जिम्मेवारी एमाले शीर्ष नेतृत्वलाई

काठमाडौँ, २ फागुन (रासस)।

नेकपा (एमाले) को सोमबारको संसदीय दलको बैठकले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्ध महाभियोग दर्ता गर्नेलगायत सत्तापक्षका गतिविधिको सदन, सडक र न्याय क्षेत्रबाट प्रतिवाद गर्ने निर्णय गरेको छ।

पार्टीका अध्यक्ष एवं दलका नेता केपी शर्मा ओलीको अध्यक्षतामा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भएको बैठकले महाभियोगको प्रस्ताव स्थानीय तहको निर्वाचनलाई सार्ने तथा मिलेनियम च्यालेन्स कर्पोरेशन (एमसिसी) लाई जसरी पनि पारित गर्ने नियतले ल्याइएको निष्कर्ष निकालेको सो दलका प्रमुख सचेतक विशाल भट्टराईले जानकारी दिनुभयो।

उहाँले एमालेले आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा वस्तुस्थिति विश्लेषण गरेर शीर्ष नेताले निर्णय लिने र आवश्यक पर्दा प्रयोग गर्ने गरी सांसद्हरुको हस्ताक्षर सङ्कलन भइरहेको पनि जानकारी दिनुभयो।

बैठकमा सांसदहरुको प्रश्नको जवाफ दिँदै अध्यक्ष ओलीले एमसिसीबारे सत्ता गठबन्धनको एकीकृत धारणा आएपछि उचित समयमा एमालेले त्यसबारे देश र जनताका पक्षमा आफ्नो धारणा दिने स्पष्ट पानुभएको थियो।

एमालेले आफ्ना १४ सांसदलाई कारबाहीका लागि गरिएको सिफारिस लागू नभएकामा संसद् बैठकमा विरोध जनाउँदै आएको छ।

# देशभर ७ सय ४७ संक्रमित थपिए

काठमाडौँ, २ फागुन (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप ७ सय ४७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।


स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ६ सय ९६ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७३ हजार ५ सय ४१ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३७ हजार ६ सय ७७ रहेको छ। पछिल्लो समय थप दुई हजार ३ सय १९ संक्रमणमुक्त भएका छन्।

योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ४० हजार ९ सय २ पुगेको छ। यो दर ९६ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ९ सय पुगेको छ भने पछिल्लो २४ घण्टामा थप आठ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय दुई लाख १६ हजार १ सय १८ ले खोप लगाएको मन्त्रालयले जनाएको छ। हालसम्म सक्रिय संक्रमितको संख्या २० हजार ७ सय ३९ रहेको छ। अहिले होम आइसोलेशनमा १९ हजार ९ सय ३० रहेका छन्। त्यसैगरी संस्थागत आइसोलेशनमा ८ सय ९, आइसीयुमा १ सय ७८ र भेन्टिलेटरमा ३४ जनाले उपचार गराइरहेका छन्।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

**कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु**

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं।
- अरु व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं।
- अलग भाडाकुँडा प्रयोग गरौं।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं।
- प्रयोग गरिएका सामग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*